# जानकी गाउँपालिका
## आठौं गाउँसभा

# नीति तथा कार्यक्रम
## (आ.व. २०७८।०७९)

जानकी गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय
दुगौंली,कैलाली
सुदूरपश्चिम, प्रदेश नेपाल ।

# जानकी गाउँपालिका
# आठौं गाउँ सभा बैठकमा प्रस्तुत
# आर्थिक वर्ष २०७८/०७९
# नीति तथा कार्यक्रम

जानकी गाउँपालिकाको आठौं गाउँसभाबैठकका अध्यक्षज्यू सभाका सदस्य सचिबज्यू,सभाका सम्पुर्ण सदस्य ज्यूहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु, र सञ्चारकर्मी मित्रहरु, मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट सम्पूर्णलाई हार्दिक कृतज्ञता सहित स्वागत गर्दछु।

यस महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा देशमा भएका राज्य पुर्नसंरचनाका लागि प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि आन्दोलनमा आफ्नो प्राणको आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु। साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु। राष्ट्रियता स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नु हुने नेपाली नागरिक त्यसको नेतृत्व गर्नुहुने राजनीतिक शिखर व्यक्तित्वहरुप्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछुँ।

जानकी गाउँपालिकाको छैठौं गाउँसभामा मैले प्रस्तुत गरेका विकासका योजनाहरुलाई सहजताका साथ सम्पन्न गर्न गाउँवासी जनताले जुन ढंगले सहयोग गर्नु भएको छ यो ऐतिहासिक समय र कालखण्डलाई जीवन्त स्मरण गरिरहनेछु । गाउँबासीको सहयोग र समर्थन विना सामाजिक विकास र परिवर्तन असम्भव हुने भएकाले पद बहाल रहुन्जेल सम्म सदैब शिरोधार्य राख्नेछु । जानकी गाउँपालिकामा निर्वाचित भई पदभार सम्हालेको पाँचौ वर्षगाँठमा प्रवेश गर्दा गाउँपालिकावासीले दिएको सौगातपूर्ण माया र ममताबाट प्रेरित भई मैले गाउँपालिकालाई एकीकृत विकासका रुपमा अगाडी बढाई गाउँपालिकाको गौरवलाई उच्च राख्न आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेकोछु ।

संघियता पूर्ण कार्यन्वयनको क्रममा तत्काल कार्य सन्चालनका लागि हामिमा नितिगत एवम कानुनको अस्पष्टता रहेको भएतापनी आगामी दिनहरुमा बन्ने संघ, प्रदेश र स्थानिय सरकारका अधिकार दायित्व एवम जिम्मेवारी सम्बन्धि प्रष्ट व्यवस्थाहरु सहितका कानुनहरुबाट तिनै तहका

सरकारहरुको अन्तर सम्बन्ध स्रोतसाधनको बाँडफाँड राजश्वको परिचालन जस्ता बिषयहरुमा पक्कै पनि स्पष्ट र व्यवस्थित हुदै जानेछ भन्ने विश्वास लिएको छु । आज हामि नागरिकहरुको आवश्यकता र चाहाना आफ्नो घर आँगनमा विकासका गतिविधिहरु छिटो आईपुग्न सकुन भन्ने ईच्छालाई उचित तवरले सम्बोधन गर्नुपर्ने चुनौती पुर्ण घडीमा उभिएका छौं ।

वर्तमान अवस्थामा विश्वभर कोरोना भाइरस (कोभिड (१९) दोस्रो लहर बाट आक्रान्त भएको जटिल परिस्थितिमा गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम आठौं गाउँसभा समक्ष प्रस्तुत गरिरहँदा गाउँबासीको जीवन रक्षाको प्रश्नले अत्यन्त गम्भीर बनाएको छ । कोभिड १९ दोस्रो लहरको महामारीका कारण विश्वमा नै मानव जातिमाथि अत्यन्त अप्ठ्यारो परिस्थिति सृजना भएको छ । कल्पना भन्दा बाहिरको यस महामारी विरुद्ध लड्न हाम्रो स्वास्थ्य सेवा अपर्याप्त रहेको अवस्थामा विश्वमा लाखौं मानिसहरु प्रभावित भई संक्रमणबाट लाखौं मानिसहरुले ज्यान गुमाउनु परेको छ । यस महामारीबाट देश विदेशमा मृत्यूवरण गर्नुहुने नेपालीहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।साथै उपचारमा रहेका सम्पूर्ण दाजू भाई तथा दिदी बहिनीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको निषेधाज्ञा तथा स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्नुहुने सम्पूर्ण गाउँबासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । स्थानीय सरकार र गाउँबासीको संयुक्त पहलकदमीमा यस महामारीबाट उत्पन्न हुने संकट देखि पार पाइन्छ भन्ने विश्वास लिएको छु ।

कोभिड १९ को संक्रमणले हाम्रो विकास र सम्वृद्धिको यात्रालाई निकै प्रभावित पारेकोछ । कोभिड महामारी र नियन्त्रण गर्न अवलमबन गरिएका क्रियाकलापहरुले धेरै गाउँपालिका बासिको काम र रोजगारी गुमेको छ । संक्रमण रोकथाम,नियन्त्रण र उपचारका लागि गरिएको अथक प्रयासका बाबजुद पनि १० जना गाउँवासिले अकालमै ज्यान गुमाउनु परेकोछ ।

यस महामारी बाट ज्यान गुमाउनुहुने गाउँपालिका बासिहरु प्रति हार्दिक श्रदान्जलि अर्पण गर्दै मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दछु । साथै उहाँका परिवारजनहरुलाई राहतको व्यवस्था गर्नेछु ।

हामी माझबाट कोभिड १९ को दोस्रो लहर रहिरहदा समेत तेस्रो लहरको प्रभाव देखिएकोले अझै यसले मानव जिवनमा असर नगर्ला भन्न सकिन्न तसर्थ यसको पुर्व तयारीका लागी पालिकाले मात्रै रोकथाम नियन्त्रण गर्न नसक्ने भएकाले सम्पुर्ण गाउँपालिका बासिहरुलाई  नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पुर्णपालना गर्न हार्दिक अपिल गर्दछु ।

कोभिड १९ महामारी बिरुद्धको हाम्रो संघर्ष पुर्णत कहिले अन्त्य हुन्छ भन्ने कुरा अहिले नै एकिन गर्न कठिन छ । तर हामि सबैको सामुहिक प्रयास बाट यसलाई छोटो समयमा नै नियन्त्रण गर्न सफल हुने विश्वास मैले लिएको छु । यस महामारीबाट पार पाउन खोप कार्यक्रमका लागि पहल गर्नेछु । जिवन रहे सुख र खुशी पुन स्थापित गर्न सकिन्छ समृद्धिको यात्रालाई पुन जोड्न र गतिशिल बनाउन सकिन्छ । यतिबेला हामी सबैको ध्यान कोभिड १९ का बिरुद्धका संघर्षमा केन्द्रित छ । कोभिड १९ महामारीका कारणले उत्पन्न हुन सक्ने खाद्य संकट आउन नदिन रोजगारी गुमाउन पुगेका हरुको जिविकोपार्जनको आधार तयार गर्न तथा रोग नियन्त्रण सँगै अर्थतन्त्रलाई गतिशिल बनाउने उद्धेश्य अनुरुप नै यो नीति कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**आदरणीय सभाध्यक्षज्यू, उपस्थितसदस्यज्यूहरु** ,

नेपालको संविधान अनुरुप नयाँ ढाँचामा प्रशासनिक व्यवस्थापन गर्नुपर्ने चुनौतीसँगै जानकी गाउँपालिकाको भौतिक पूर्वाधारहरु विकास भई नसकेको र प्रशासनिक भवनको अभावका बीचमा गाउँपालिकालाई अगाडि बढाउँदै लैजानुपर्ने चुनौतीहरु हामी माफ्न विद्यमान छन् । यस आर्थिक बर्षमा प्रशासकीय भवन निमार्ण कार्यलाई अगाडी बढाईनेछ । गाउँबासीहरुको आकांक्षामा बढोत्तरीलाई एकैपटक सम्बोधन गर्न बिद्यमान स्रोत साधनको सिमितताले पुरा नहुन सक्छ, यद्यपी यी चूनौतिहरु हामी माफ्न भईरहँदा पनि आगामी दिनहरुमा गाउँबासीको आवश्यकताहरुलाई सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**अब म गाउँपालिकाको आगामी आ.ब. २०७८/०७९ को बार्षिक नीति, कार्यकम तथा बजेट निर्माणका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।**

- नेपालको संबिधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४, (परिमार्जित)
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

- ❖ संघीय र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु,
- ❖ गाउँपालिकाले तयार पारेका नीति, कार्यबिधि, निर्देशिकाहरु,
- ❖ विषयगत समितिबाट आएका नीतिगत विषयहरु,
- ❖ स्थानीयसरोकारवालाहरुसँगको सुझावहरु

**माननियगाउँसभा सदस्यज्युहरु,**

अब म गाउँपालिकाको आगामी आ.ब. २०७८/०७९ को बार्षिक विषयगत क्षेत्र अन्तर्गतनीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुतगर्न चाहन्छु ।

## क्षेत्रगत नीति तथा कार्यक्रमहरु :-

### (क) आर्थिक विकास क्षेत्र

### १. कृषि विकास :

१.१. **"म तरकारी बिना खाना खान्न, म तरकारी किन्न जान्न" भन्ने** कार्यक्रमलाई अभियानका रुपमा सन्चालन गरी आर्गनिक तरकारी खेती गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१.२. बैदेशिक रोजगार गुमाएर फर्केका तथाबेरोजगार भएका गाउँपालिकाका नागरिक लाई आत्मनिर्भर र स्वावलम्वी बनाउने उद्देश्यका साथ कृषि तथा पशुपन्छी पालन पेशालाई उच्च प्राथमिकता दिइनेछ ।

१.३. कृषि पेशालाई प्रभावकारी वनाउन आधुनिक कृषि सामाग्रीहरु अनुदानमा उपलब्ध गराउने कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१.४. कृषि बाली उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाईने छ ।

१.५. कृषि उत्पादकत्व बृद्धि गराउन उन्नत जातका बीउ बिजन अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१.६. प्राङ्गारिक मल तयार गर्ने फर्म तथा व्यवसायीहरुलाई अनुदान प्रदान गरिनेछ ।

१.७. आकाष्मिक बालीमा देखा पर्ने रोगकिरा ब्यवस्थापनका लागि विषादीहरु अनुदानमा उपलब्ध गराउने कार्यक्रम ल्याईनेछ ।

१.८. कृषि बालीको उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि चक्लावन्दी (ब्लक) कार्यक्रम संचालन गरिनेछ ।

१.९. कृषि उपज प्रवर्द्धन तथा बाली उत्पादन लागत कम गर्न कृषक समूह तथा कृषि सहकारी संस्थाहरुका लागि कृषि उपज ढुवानी साधनको व्यवस्था गरिनेछ ।

१.१०. जानकी -४ कन्चनपुरमा अवस्थित कृषि अनुसन्धान तथा तालिम केन्द्र लाई प्रभावकारी रुपमा सन्चालन गरी कृषि अवलोकन क्षेत्रका रुपमा विकास गरिनेछ ।

१.११. एक वडा एक सुपथ कृषि पसल स्थापनाका लागी साझेदारी कार्यक्रम ल्याईनेछ ।

१.१२. एक वडा एक उत्कृष्ट कृषक समूह नीति ल्याइनेछ।

१.१३. गाउँपालिकाका उत्कृष्ट कृषकहरुलाई प्रोत्सहन स्वरुप पुरुस्कारको व्यवस्था गरिनेछ।

१.१४. गरिव, अति विपन्न कृषकहरुलाई कृषि कार्यमा सहभागिता वढाउने कार्यक्रम ल्याईनेछ।

१.१५. कृषि, पशुपन्छि तथा माछापालनमा आवद्ध कृषकहरुलाई प्रवर्द्धनात्मक कार्यक्रम ल्याइनेछ।

१.१६. कृषि तथा पशुपंक्षी विमा कार्यक्रम लागू गरिनेछ।

१.१७. कृषि उपज तथा कृषिजन्य उत्पादन प्रवर्धन गर्न मल, विउ, किटनाशक औषधिको उपलब्धता, उत्पादित वस्तुको भण्डारण तथा प्रशोधनका लागि पहल गरिनेछ।

१.१८. कृषकहरुलाई समयमै मूल विउ उपलब्ध गराई उत्पादकत्व वृद्धि गर्न अनुदानमा मूल विउ ( धान, गहुँ, मकै) उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

१.१९. उर्वर खेती योग्य जमिनलाई गैर कृषि योग्य प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ।

१.२०. गाउँपालिका क्षेत्रभित्र रहेका खाली बाँझो जमिनमा कृषि खेती गर्नका लागि प्रोत्साहन गरिनेछ।साथै खेतियोग्य भुमि बाँझो राख्नेलाई जरिवाना गरिनेछ।

१.२१. किसान परिचय पत्र वितरण गर्न आवश्यक नीति अवलम्वन गरिनेछ।

१.२२. गाउँपालिकाभित्र रहेका कृषि हाट बजारहरुलाई व्यवस्थापन गरी थप हाट बजार स्थापनाका लागि प्रोत्साहन गरिनेछ

१.२३. कृषि कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ।

१.२४. व्यवसायिक कृषकहरुलाई कृषि अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१.२५. कृषकहरुका लागि नियमित रुपमा माटो परीक्षण प्रयोगशालाको स्थापनाका लागि पहल गरिनेछ।

१.२६. बीज भण्डारण कार्यक्रमलाई व्यवस्थापन तथा शीत भण्डारण स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

१.२७. सिचाई कुलो नहर नभएका र सिचाईको सुविधा नभएका कृषकलाई मध्येनजर गर्दै भुमिगत सिचाइको कार्यक्रमलाईनिरन्तरता दिईनेछ।

१.२८. बाली उत्पादन लागत घटाउनका लागि कृषि यान्त्रिकरणमा जोड दिईनेछ।

## २. पशु विकास :

२.१. पालन व्यवसायलाई प्रभावकारी सेवा प्रवाहका लागि एक वडा एक प्राविधिक कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

२.२. गाउँपालिकालाई पशुपन्छी पालन क्षेत्रको रूपमा विकास गरी अण्डा, मासु तथा दुग्धजन्य पदार्थ उत्पादनमा अनुदानको कार्यक्रम ल्याईनेछ ।

२.३. सुरक्षित पशु वधशाला र स्वछ मासु पसल स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२.४. सामुदायिक चौपायाहरुलाई नियन्त्रण र व्यवस्थापन गर्न पशु गौशाला निर्माणका लागि पहल गरिनेछ ।

२.५. कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।

२.६. पशुपन्छी पालन व्यवसायलाई व्यवसायीकिकरण गर्नका साथै पकेट क्षेत्र पहिचान गरी प्रभावकारी रुपमा कार्यक्रम सन्चालन गरिनेछ ।

२.७. प्रचुर सम्भावना रहेको बँगुर, हाँस, कुखुरा, मत्स्य पालन तथा बाख्रा विकासका लागी बजारीकरण तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

२.८. रोग लाग्नु भन्दा लाग्नै नदिन व्यापक रुपमा खोप कार्यक्रम लाईनिरन्तरता दिईनेछ ।

२.९. पशुपन्छी पालन व्यवसायलाई प्रवर्द्धन गर्न गोठ सुधार, ब्याबसायीक पशुपालन सम्बन्धी तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

२.१०. उत्पादन लागत घटाउनका लागि घाँसमा आधारित कार्यक्रम संचालन गर्न उन्नत खाले भुई तथा डालेघाँस बिकासमा जोड दिईनेछ ।

२.११. उत्पादन लागत र श्रम घटाउन यान्त्रीकरणमा अनुदान कार्यक्रम लागु गरिनेछ ।

२.१२. व्यवसायिक रुपमा दर्ता भएका पशु फार्म तथा व्यवसायीहरुलाई प्रोत्साहन कार्यकमलाई निरन्तरता दिईनेछ ।

## ३. सहकारिता विकासः

३.१. दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन वितरण र बिक्री गर्ने सहकारीलाई विशेष छूट अनुदानको व्यवस्था गरिने नीति अवलम्बन गरिनेछ ।

३.२. एक वडा एक सुपथ मूल्य सहकारी पसल संचालन गर्न पहल गरिनेछ ।

३.३. सहकारी क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन र प्रोत्साहनमा जोड दिइनेछ ।

३.४. सहकारीको लेखा प्रणालीलाई व्यवस्थित गर्न आवश्यक तालिम प्रदान गरी अनुगमन गरिनेछ ।

३.५. गाउँपालिकाभित्र रहेका सहकारी र वित्तिय संस्थाहरुलाई प्रचलित कानून बमोजिम अभिलेखीकरण गरी उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रोत्साहन गरिनेछ ।

३.६. सुपथ मुल्यमा समयमै उपलव्ध हुनेगरी मलखाद, विउविजन विक्री वितरण गर्न प्रत्येक वडामा सहकारी मार्फत उपलव्ध गराउनका अतिरिक्त उन्नत जातका विउँ विजन समयमै उपलव्ध गराउने कार्यका लागि विउ विजन वैंक स्थापना गरिनेछ ।

## ४. पर्यटन विकास :-

४.१. नेपाल जातीय संग्रहालयको संचालन तथा प्रवर्द्धनका लागि पहल गरिनेछ ।

४.२. गाउँपालिकाभित्र रहेका ताल तलैयाहरु प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाहरुलाई संरक्षण गरी पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

४.३. पर्यटन प्रवर्द्धनका लागि जानकी– ६ मा जानकी उद्यान (पार्क) निर्माणका लागि यसै आ.ब. मा प्रक्रिया अगाडी बढाईनेछ ।

४.४. जानकी गाउँपालिकालाई खेल पर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ ।

४.५. पर्यटन प्रवर्द्धनका लागि होम स्टे संचालनका लागि प्रोत्साहित गरिनेछ ।

## ५. आयआर्जन तथा सीप विकास :

५.१. विभिन्न सरोकारवाला सरकारी, गैर सरकारी र निजी क्षेत्रको समन्वय र सहकार्यमा रोजगारमुलक कार्यक्रम ल्याईनेछ ।

५.२. स्थानीय सीप र प्रबिधिको प्रयोग हुने कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५.३. बेरोजगार युवायुवतीलाई लक्षित गरी विभिन्न सीप विकास तथा स्वरोजगारमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५.४. व्यवसायिक तथा औद्योगिक सीप विकास गरिनेछ ।

## (ख) सामाजिक विकास सम्बन्धी नीति :

### १. शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति :

१.१. विद्यालयहरुमा स्वास्थ्यकर्मी परिचालन गरी स्वस्थ कार्यक्रम संचालन गरिनेछ ।

१.२. **सबैका लागि र सधैका लागि शिक्षा** भन्ने नारालाई मूर्त रुप दिन शिक्षामा सबै बालबालिकाहरूको पहुँच तथा गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रम ल्याईनेछ ।

१.३. प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१.४. शैक्षिक गुणस्तरमा सुधार ल्याउन विद्यालयमा सूचना तथा संचार प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

१.५. विद्यालय अनुगमन, सुपरिवेक्षण तथा कक्षा अवलोकन कार्यलाई निरन्तरता दिईनेछ ।

१.६. विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

१.७. सामुदायिक सिकाई केन्द्रको नियमन गरी सक्षमता विकास गरिनेछ ।

१.८. आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क गर्न बिशेष पहल गरिनेछ ।

१.९. सामुदायिक विद्यालयहरुमा कार्यरत नीजि स्रोतका शिक्षकहरुको उचित व्यवस्थापन गरिनेछ ।

१.१०. विद्यालयमा शैक्षिक तथा शैक्षणीक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१.११. कार्य सम्पादनको आधारमा मूल्यांकन गरी उत्कृष्टसामुदायिक विद्यालय र आधारभूत तह उत्तीर्ण परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरुको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१.१२. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापनको कार्यलाई निरन्तरता दिईनेछ ।

१.१३. महिला, दलित, मुस्लिम, लोपोन्मुख, मुक्त कमलरी तथा अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षामा थप सहुलियत प्रदान गरिनेछ ।

१.१४. सामुदायिक विद्यालयको आधारभूत तहमा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गरी व्यवस्थित बनाइनेछ ।

१.१५. बालविकास सहयोगी कार्यकर्ता, सहायक कर्मचारी तथा कार्यालय सहयोगीको लागि न्यूनतम पारिश्रमिकको व्यवस्था मिलाइनेछ ।

१.१६. गाउँपालिकाको समन्वय तथा सहकार्यमा विद्यालय स्तरीय परीक्षा संचालन गरिनेछ ।

१.१७. प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना र संचालनको लागि पहल गरिनेछ ।

१.१८. आवश्यकताको आधारमा धार्मिक विद्यालय संचालनको व्यवस्था मिलाइनेछ ।

१.१९. पालिकास्तरमा कलेज स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

१.२०. विद्यालय खेल मैदानको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१.२१. पालिकास्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलाप संचालन गारिनुका साथै जिल्ला, प्रदेश र संघमा संचालन हुने खेलकुद प्रतियोगितामा खेलाडीहरुलाई सहभागी गराउनको लागि प्रोत्साहन गरिनेछ ।

१.२२. पालिका भित्र रहेका शैक्षिक बेरोजगार युवाहरुको क्षमता विकासका लागि सीपमुलक तथा रोजगारमूलक कार्यक्रमको व्यवस्था गरिनेछ ।

१.२३. पालिकाका सामुदायिक विद्यालयहरुको भवनमा एउटै रंग लगाउन अनिवार्य गरिनेछ ।

१.२४. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको पोशाक एउटै बनाईनेछ ।

१.२५. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनिटरी प्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१.२६. विद्यालय शिक्षा सम्बन्धी सम्पूर्ण कार्य "**जानकी विद्यालय शिक्षा व्यवस्थापन तथा संचालन कार्यविधि, २०७७**"बमोजिम गरिनेछ ।

## २. सामाजिक बिकास

२.१. लक्षित वर्गका कार्यक्रमहरुलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

२.२. नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता व्यक्त गरेका **Global Agendas**हरुको लक्ष्य प्राप्त गर्न र तिनका सूचकहरुलाई स्थानीयकरण गरी कार्यान्वयनमा ल्याउन महिला बालबालिका मुक्त कमैया कमलरी ज्येष्ठ नागरिक अपाङ्ग यूवा लक्षित कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ ।

२.३. गाउँपालिका क्षेत्र भित्र लागु औषध दुर्व्यसहनबाट प्रभावित व्यक्ति वा सर्वसाधारणलाई लागु औषध दुर्व्यसन विरुद्धको सचेतना कार्यक्रम संचालन गरिनेछ । सो सम्बन्धमा क्रियाशिल संघ संस्थाहरुलाई एक द्वार प्रणालीमा रही काम गराउने व्यवस्था मिलाईनेछ ।

२.४. आदिवासी/जनजातीहरुको उत्थान र विकासका लागी लक्षित कार्यक्रमहरु संचालन गर्न प्राथमिकता दिईनेछ ।

२.५. समाजमा भएका असल प्रयासहरुलाई संस्थागत गर्दै लैजानुका साथै समाजमा रहेका विसंगती तथा विकृती (छाउपडी, बोक्सी, जातीय छुवाछुत, लैगिंक विभेद, लागु औषधको प्रयोग जस्ताको अन्त्यका लागी सचेतनामूलक कार्यक्रमहरुलाईनिरन्तरतादिईनेछ ।

२.६. सामाजिक पूर्वाधारका कार्यहरुमा दिगोपना ल्याउन तथा सामाजमा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्न बडघर/भलमन्सा, समाजसेवी सँगको समन्वयमा विभिन्न कार्यक्रम संचालन तथा अन्तरक्रिया गरिनेछ ।

२.७. सुकुम्वासी तथा भूमिहिनहरुलाई व्यवस्थापन तथा लालपुर्जा वितरण कार्यको पहल गरिनेछ ।

## ३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

३.१. महिला हिंसा न्यूनीकरण, सशक्तिकरण र रोजगारमुलक कार्यक्रमहरु निरन्तरता दिइनेछ ।

३.२. महिलाहरुका लागी साना तथा घरेलु उद्योग स्थापना गर्न साझेदारी कार्यक्रमल्याईनेछ।

३.३. महिला, बालबालिका, अपाङ्ग, एकल महिला, जेष्ठ नागरिक, असहाय, उत्पीडित र सीमान्तकृत समुदायको उत्थान र हितको सम्मान गर्दै उनीहरुको उचित संरक्षण गर्न बिशेष जोड दिईनेछ ।

३.४. विकासका गतिविधिहरु संचालन गर्दा बालमैत्री, महिलामैत्री, अपाँगमैत्री, ज्येष्ठ नागरिकमैत्री अवधारणा अवलम्बन गरिनेछ।

३.५. कोरोना बाट प्रभावित वा अभिभावक गुमाएका बालबालिकाहरुको उचित संरक्षणको व्यवस्था मिलाईने छ ।

३.६. शिक्षित छोरी सक्षम घर अभियानलाई अगाडी बढाउँदै शिक्षामा लैङ्गिक असमानता न्यूनीकरण गर्नका लागि सचेतनामूलक कार्यक्रम गरिनेछ ।

३.७. नवजात छोरी प्रोत्साहान कार्यक्रमका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३.८. रातो अपाङ्गता परिचय पत्र भएको र निलो अपाङ्गता परिचय पत्र भएका व्यक्तिहरुलाई मासिक थप स्थानीय भत्ता उपलब्ध गराईनेछ ।

३.९. गाउँपालिकामा वडा स्तरीय र पालिका स्तरीय बाल क्लब गठन गरी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३.१०. अपाङ्गता भएका व्यक्तिहरुलाई डिजिटल अपाङ्गता परिचय पत्र वितरणको व्यवस्था मिलाईनेछ ।

३.११. मुक्त कमलरीहरुको क्षमता विकास गर्नुका साथै स्वरोजगारमूलक कार्यक्रमहरु ल्याईनेछ ।

३.१२. पालिकास्तरमा **“जेष्ठ नागरिकसँग अध्यक्ष”** कार्यक्रम संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।

३.१३. अभिभावक बिहीन बालबालिकाकाहरुको लागि  उचित कार्यक्रमहरु संचालन गरिनेछ ।

३.१४. लक्षित वर्गका महिलाहरु (एकल महिला, द्वन्द्व पिडित, दलित, मुस्लिम, अल्पसंख्यक, पिछडा वर्ग) का लागि स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ४. खानेपानी तथा सरसफाइ

४.१. सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माणको कार्यलाई अगाडि वढाईनेछ ।

४.२. फोहर व्यवस्थापन कार्यलाई स्थानीय सामुदायिक संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापनका लागि पहल गरिनेछ ।

४.३. फोहर मैलाको अल्पकालिन तथा दिर्घकालिन व्यवस्थापनकालागि 3R- REDUCE, REUSE, RECYCLE को सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न समुदाय तथा विद्यालयमा आधारित अनुशिक्षण कार्यक्रम संञ्चालन गरिनेछ र LAND FILL SITE को सम्भाव्यता अध्ययनको कार्य अगाडि वढाईनेछ ।

४.४. गाउँ पालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउनका लागि विभिन्न सरकोरवाला निकायहरु, गै.स.स. सँग समन्वय गरि जनचेतनामूलक कार्यक्रम गरिनेछ ।

४.५. गाउँपालिकामा खानेपानी संचालनलाई व्यवस्थित एवं  विस्तार गरिनेछ ।

## ५. स्वास्थ्य :

५.१. गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुच हुनेगरी प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

५.२. गाउँपालिकामा १५ सैयाको अस्पताल निर्माणका लागि पहल गरिनेछ ।

५.३. स्वास्थ्य सेवामा थप सहजता प्रदान गर्न बाँकी रहेका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरिनेछ ।

५.४. पूर्ण पोषण कार्यक्रमलाई थप प्रभावकारी गराइनेछ ।

५.५. नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदर न्यूनिकरण गर्न विभिन्न कार्यक्रम ल्याइनेछ ।

५.६. स्वास्थ्य पूर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ ।

५.७. स्वास्थ्य क्षेत्रमा सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय एवं सहकार्यलाई निरन्तरता दिईनेछ ।

५.८. स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक,प्रबर्द्धनात्मक र उपचारात्मक सेवामूलक कार्यक्रमहरु ल्याईनेछ ।

५.९. नसर्ने रोगको न्यूनिकरणका लागि प्रबर्द्धनात्मक,निदानात्मक र उपचारात्मक सेवालाई निरन्तरता दिईनेछ ।

**बाल स्वास्थ्य सम्वन्धि नीतिहरु**

५.१०. पूर्णखोप सुनिश्चितताकोलागिवार्षिक समिक्षा गर्नुका साथै वडा तथा गाउँपालिकामापूर्ण खोप घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५.११. खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।

५.१२. पालिकाका खोप केन्द्रहरुलाई व्यवस्थित गरिनेछ ।

५.१३. गाउँपालिकामा खोप व्यवस्थापनका लागि कोल्ड चेन खरिद गरीस्वास्थ्य कर्मीको व्यवस्था गरिनेछ ।

५.१४. गर्भवति महिलालाई हरेक पटक गर्भ जाँच गर्न स्वास्थ्य संस्थामा जाँदा पोषणयुक्त खानेकुराहरु वितरण गरिनेछ ।

५.१५. पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

५.१६. हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर स्थापना गरी पोसिला खानेकुराहरुको प्रदर्शनका साथै उपभोगमा बृद्धि गराउन स्वास्थ्य शिक्षा तथा परामर्श दिइनेछ ।

५.१७. पाँच वर्ष मुनिका वच्चाहरुको उपचार(CBIMNCI)व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।

५.१८. पूर्ण पोषणयुक्त वडा घोषणा अभियानलाई निरन्तरता दिईनेछ ।

## परिवार स्वास्थ्य कार्यक्रम

५.१९. संघीय सरकार तथा प्रदेश सरकारका स्वास्थ्य निकायसँग समन्वयमा स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।

५.२०. नव विवाहीत दम्पतिहरुको पहिचान गरी परिवार नियोजनका साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।

५.२१. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा डिपो / पिल्स / कण्डम/ IUCD / इम्पलान्ट हरुको सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५.२२. आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्च वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

५.२३. पुर्ण गर्भवति जांच एंवम पुर्ण संस्थागत सुत्केरी अभियानलाई थप प्रभावकारी बनाईनेछ ।

५.२४. "इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ" भन्ने मुल नारालाई सार्थक बनाउन आवश्यक कार्यक्रम सन्चालन गरिनेछ ।

५.२५. आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्वेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेशण गर्नुपरेमा आवश्यक व्यवस्था मिलाईनेछ ।

५.२६. संघ र प्रदेश सरकार संगको सहकार्यमा PMTCT कार्यक्रमलाई निरन्तरता दिइनेछ

५.२७. स्वास्थ्य आमा समूहलाई सुदृढीकरण गर्ने कार्यक्रमहरुलाईनिरन्तरता दिइनेछ ।

५.२८. अनिच्छित गर्भलाई सुरक्षित गर्भपतन सेवामा थप विस्तार गरिनेछ ।

## रोग नियन्त्रण कार्यक्रम

५.२९. समयानुकुल आइपर्ने रोगहरुको रोकथाम तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गरिने छ।

५.३०. सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ । नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ।

५.३१. महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर. आर. टि.लाईपरिचालन गरिनेछ ।

५.३२. क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ।

५.३३. डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाईनेछ ।

५.३४. जटिल प्रकारका क्षयरोगहरु (DR/SDR )लाई समयमै पहिचान तथा व्यवस्थापन गरिनेछ ।

५.३५. कुष्ठरोगका विरामि तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरी उपचार पुरा (RFT)भएका केस लाई यातायात खर्च व्यवस्था गरिनेछ ।

## महिला स्वास्थ्य स्वयम सेवक कार्यक्रम

५.३६. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरु समुदाय स्तरमा जनचेतना फैलाउन  उत्प्रेरित गर्न थप यातयात खर्चको व्यवस्था गरिनेछ ।

५.३७. ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्वं.से. हरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिनेछ ।

## स्वास्थ्य संस्थाको फोहोर मैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम

५.३८. स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

५.३९. स्वास्थ्य संस्थाहरुमा नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा कर्मचारी हरुलाई पुरस्कृत गरिने छ ।

५.४०. फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई  सुनिश्चित गरिनेछ ।

५.४१. वर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ ।

५.४२. स्वास्थ्य संस्थाहरुको मर्मत संभार तथा शुद्ध खानेपानीको व्यवस्थापनका लगी आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

## स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

५.४३. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी वनाउन नीति अवलम्बन गरिनेछ ।

५.४४. अनलाइन तथ्याङ्क प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टरनेट सेवा उपलब्ध गराइनेछ ।

५.४५. स्वास्थ्य सुचना प्रणाली recording system लाइ यसै बर्ष देखि online मा लगिनेछ

५.४६. स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दि गर्न विभिन्न तालिमको व्यवस्था गरिनेछ ।

५.४७. स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

## स्वास्थ्य शिक्षा / व्यवहार

५.४८. समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि F.M. रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ ।

५.४९. स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि बनाइनेछ ।

५.५०. स्वास्थ्यका महत्वपुर्ण दिवसहरुलाई अवसरको रुपमा मनाइने छ ।

## निशुल्क औषधि तथा भण्डारण कार्यक्रम

५.५१. औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको भण्डारणको लागि भण्डारण कक्षको व्यवस्था गरिनेछ ।

५.५२. स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टरहरुको औजार उपकरण खरीद तथा व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

५.५३. आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गर्नुका साथै संघ, प्रदेश सरकार संग समन्वय गरिनेछ ।

## राष्ट्रिय यौन तथा एडस नियन्त्रण कार्यक्रम

५.५४. प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरि आवश्यक यातयात खर्चको ब्यबस्थागरिनेछ।

५.५५. PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको व्यवस्था गरिने छ।

५.५६. एच.आई.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षाको लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५.५७. स्वस्थ घर, स्वस्थ गाउँ अभियानहरु संचालन गरिनेछ ।

## कोभिड १९ को प्रतिकार्य

५.५८. कोभिड -१९ रोग नियन्त्रण तथा ब्याबस्थापन गर्न पालिका द्वारा संचालित आईसोलेशन सेन्टर थप ब्यबस्थित गरिनेछ ।

५.५९. कोभिड -१९ को परिक्षणको दायरा थप फराकिलो बनाई संक्रमित केशहरुलाई बिशेष जोड दिइने छ ।

५.६०. कोभिड-१९ को संक्रमणबाट मृत्यु हुने परिवारलाई राहत उपलब्ध गराईनेछ ।

५.६१. पालिकाबासीहरुलाई कोभिड-१९ रोग विरुद्धको खोप प्रदानका लागि आवश्यक पहल गरिनेछ ।

५.६२. कोभिड-१९ को संक्रमण रोकथामका लागि अग्र पंक्तिमा रही स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई जोखिम भत्ताको व्यवस्था गरिनेछ ।

## अन्य कार्यक्रमहरु

५.६३. पालिका स्तरमा रक्तदान शिबिर संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५.६४. गा.पा.का सबै वडाहरुमा शुद्ध खानेपानीको पाइपलाइन बिस्तार गरि एक घर एक धारा जडान गर्न आवश्यक पहल गरिनेछ ।

५.६५. परम्परागत प्रयोग हुदै आइरहेका हाते नल्का (Hand Pump)लाई व्यवस्थित बनाउन साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

५.६६. विश्वव्यापी महामारी कोरोना भाईरस एवं अन्य महामारी नियन्त्रण तथा रोकथामका लागि विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट बिनियोजनलाई निरन्तरता दिईनेछ ।

५.६७. नेपाल सरकारको राष्ट्रिय नीति स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि पालिकाका अति विपन्न परिवारहरुलाई ५० प्रतिशतमा स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ ।

५.६८. शव बाहनको लागि आवश्यक पहल गरिनेछ ।

५.६९. जानकी गाउँपालिकाका नागरिकहरुलाई **निःशूल्क रगत**उपलब्ध गराईने कार्यक्रम निरन्तरता दिईनेछ ।

५.७०. सुनौलो हजार दिनका आमा तथा गर्भवती महिलाकालागि **उपाध्यक्षको कोशेली**कार्यक्रम संचालन गरिनेछ ।

## ६. धर्म, संस्कृति र कला संरक्षण

६.१. गाउँपालिका क्षेत्र भित्रका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग गरिनेछ।

६.२. गाउँपालिका क्षेत्रभित्रका प्रचलनमा रहेका सवै जातजातिहरुको चाडपर्व, भाषा, कला, धर्म र संस्कृतिको सम्बर्द्धन गरिनेछ।

६.३. सबै जातजातिहरुको भाषा, संस्कृति, लोकसाहित्य, नृत्य, गीत संगित, मेला पर्व, जात्रा र लोकभाकाको संरक्षणका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

६.४. धार्मिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

## ७. सामाजिक सुरक्षा सम्बन्धी नीति :

७.१. गाउँपालिकाका सबै वडामा सामाजिक सुरक्षा भत्तालाई अनिवार्य रुपमा बैङ्किङ्ग प्रणाली मार्फत वितरण गरिने व्यवस्था मिलाईनेछ ।

७.२. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट प्राप्त कार्यक्रमहरुलाई समावेश गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।

७.३. पुराना व्यक्तिगत घटना दर्ता सुचना फारामहरुसुरक्षित गर्न डिजिटाईजेशन कार्यलाई निरन्तरता दिइनेछ।

७.४. सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गर्न लाभग्राहीहरुको विवरण अध्यावधिक गरिनेछ ।

# (ग) पूर्वाधार विकास

१. गाउँपालिकाका मुख्यबजार तथा बस्तीहरुलाई समेट्ने गरी सडक गुरुयोजनाको निर्माण भैसकेको हुदा ग्रामीण सडकहरु, पुल पुलेसाको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

२. गाउँपालिकाका विद्युत सेवाको विस्तार नभएका बस्तीहरुमा विद्युत सेवालाई विस्तार गरी उर्जामा सबैको पहुँच पुऱ्याईनेछ।

३. वातावरण मैत्री पूर्वाधार जानकी समृद्धिको आधार भन्ने नीति कार्यान्वयनगरिने छ ।

४. क्रमागत आयोजनालाई निरन्तरता साथै अधुरा आयोजना  सम्पन्न गरिनेछ ।

५. गाउँपालिकाका कालोपत्रे भएका सडकहरुमा पक्की ढल निकास निर्माणमा जोड दिईने छ ।

६. पुराना बस्तीहरुको ब्यवस्थापन र नयाँ वस्ती तथा नयाँ बजार विकासका लागि योजनावद्ध रुपमा विकास गरिनेछ । नयाँ अवधारणा Land Pooling को माध्यमबाट व्यवस्थित वस्ती र बजारको विकास गरिनेछ। साथै गाउँपालिकालाई  प्राप्त जग्गा विगाह १-१२-१० क्षेत्रफलमा थप जग्गा अधिग्रहण गरी अत्याधुनिक गाउँपालिका भवन निर्माण गरिनेछ र सो वरीपरी सुरक्षा, विद्युत, संचार आदि आधुनिक सुविधाहरु प्राप्त हुने गरी व्यवस्थित नयाँ बजार विकास गरिनेछ।

७. नयाँ बन्ने घरहरुलाई भूकम्प प्रतिरोधात्मक रुपमा निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८. भवन निर्माण कार्य गर्दा अनिवार्य भवनसंहिताको पालना गराईनेछ ।

९. गाउँपालिकाका मुख्य सडक र वस्तीहरुमा थप सौर्य सडक वत्तीको व्यवस्था गरिनेछ।

१०. गाउँपालिकावाट निर्माण गरिने सार्वजनिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, महिलामैत्री, अपाङ्गतामैत्री,ज्येष्ठ नागरिकमैत्री बनाईनेछ।

११. बजारहरुलाई क्रमशः सुधार गरी सडक चौडा तथा पक्की ढल निकासको व्यवस्था गर्दै लगिनेछ।

१२. सानातिना भैपरी आउने पूर्वाधार निर्माण एवं निर्माण गरिएका आयोजनाहरुका मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ।

१३. गाउँपालिकाको Building Bye Laws बनाउने प्रक्रियाको थालनी गरिनेछ।

१४. राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिंचाईसँगपूर्वाधार निर्माण कार्यको लागि समन्वय गरिनेछ।

१५. वडा कार्यालयहरुको जग्गा अधिग्रहण प्रक्रिया सम्पन्न गरी वडा कार्यालय भवन निर्माण गरिनेछ ।

१६. आधारभूत स्वास्थ्य केन्द्रहरुका लागि जग्गा अधिग्रहण प्रक्रिया सम्पन्न गरी भवन निर्माण गरिनेछ ।

१७. एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाका लागि संघ र प्रदेश सरकारको समन्वयमा औद्योगिक ग्राम स्थापनाको लागि पहल गरिनेछ ।

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन :**

१. जनसहभागिता परिचालनमा अधिकतम जोड दिई स्थानीय साधन श्रोतको अधिकतम सदुपयोग गरी गराई उत्पादनमूलक र छिटो प्रतिफल दिने योजनाहरु सञ्चालन गरिनेछन् ।

२. विपद् व्यवस्थापन तथा  प्राकृतिक प्रकोप सम्वन्धी गुरुयोजना तयार गरी सरोकारवालाहरु सँग सहकार्य र समन्वय गरी कार्य अगाडि वढाईनेछ ।

३. जलवायु अनुकूलनका साथै वातावरणीय संरक्षणका कार्यक्रम अगाडि वढाईनेछ ।

४. सामुदायिक वनको नियमन तथा व्यवस्थापनमा कडाई गरिनुका साथै आर्थिक पारदर्शिताका लागि जोड दिईनेछ ।

५. बन जंगलको संरक्षण गरी भु-क्षय नियन्त्रण गर्न कार्य योजना तयार गरिनेछ ।

६. जलाधार तथा पोखरीको संरक्षणका लागि नीति निर्माण गरिनेछ ।

७. पालिकाभित्र तटवन्धनको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

८. ढल तथा पानी निकासको उचित व्यवस्थापन सँगै फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानको पहिचान गरिनेछ ।

९. सडक छेउमा पशु चौपाया बाँध्ने प्रचलनलाई नियन्त्रण गरिनेछ ।

१०. दमकल तथा शववाहन सेवा संचालनका लागि पहल गर्नुका साथै आधुनिक शवदाह गृह तथा मरघट निर्माण कार्य अघि वढाईनेछ ।

११. वडामा एम्बुलेन्स सेवा संचालनका लागि पहल गरिनेछ ।

१२. विपद् व्यवस्थापन कोषको स्थापना गरी विपद् सामाग्री भण्डारणका लागि गोदाम घरको व्यवस्था गरिनेछ ।

१३. नयाँ रेखाँकन भएका सडकहरुमा बोट विरुवा लगाउन उत्प्रेरित गर्नुका साथै खाली बन क्षेत्र र सार्वजनिक जमिनमा वृक्षारोपण कार्यको थालनी गर्ने तथा बन विनासलाई रोक्न कडाईका साथ अभियान संचालन गरिनेछ ।

१४. सुधारिएको चुल्हो तथा बायो ग्याँस प्लाण्ट निर्माण कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ ।

१५. प्राकृतिक श्रोत (ढुङ्गा, बालुवा, गिट्टी, दहत्तर बहत्तर)को उपयोगको नियमन गरिनेछ ।

१६. अव्यवस्थित वस्तीलाई व्यवस्थित बसोबासका लागि मापदण्ड तयार गरिनेछ ।

१७. औषधिजन्य बनस्पती, जडिवुटी प्रशोधन केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

१८. सफा र हरित गाउँपालिका निर्माणका लागि गाउँपालिका क्षेत्र भित्र सौर्य सडक बत्ती जडान गरिनुका साथै वृक्षारोपण अभियानलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

१९. निजी बन विकास तथा प्रवर्द्धनको लागि व्यापक प्रचार प्रसार गरी किसानहरुलाई उपयुक्त प्रजातीका विरुवाहरु वृक्षारोपणमा सहयोग गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

२०. वन पैदावरमा आधारित लघु उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

२१. गाउँपालिकालाई हरियाली तथा वातावरण मैत्री वनाउन आवश्यक पहल गरिनेछ ।

२२. प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश (माननीय मन्त्रिस्तर) को निर्णयानुसार पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई सव डिभिजन वन कार्यालय टीकापुरमा कामकाज गर्ने गरी आवश्यक पहल गरिनेछ ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### १. सुशासन, क्षमता विकास तथा पारदर्शिता :

१.१. गाउँपालिका कार्यालय र सम्पूर्ण वडा कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय प्रणालीबाट सेवा प्रवाहलाई निरन्तरता दिँदै कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ ।

१.२. आन्तरिक राजश्वका दायरा बढाई आर्थिक वर्ष सुरु भएको ६ महिनाभित्र बुझाउनु पर्ने मालपोत, व्यवसाय कर, घर बहाल कर बुझाउनेहरुलाई १०% सम्म छुट दिने व्यवस्था गरिनेछ ।

१.३. कोरोना भाईरस (कोभिड-१९) को कारण उठाउनु पर्ने राजश्व उठाउन नसकिएकोले प्रशासनिक खर्चमा कटौटी गरी मितव्ययिता, पारदर्शिता अवलम्बन गरिनेछ ।

१.४. कोरोना भाईरस (कोभिड-१९) का कारण उत्पन्न परिस्थितिको सामना गर्न निजी क्षेत्र, गैर सरकारी संस्था र सहकारी संस्थाहरुलाई समेत परिचालन गर्नेगरी योजना बनाईनेछ ।

१.५. गाउँपालिका, वडा कार्यालय तथा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय र स्थानीय संघसंस्थाहरुले संचालन गर्ने एउटै प्रकृतिका कार्यक्रमहरु गाउँपालिकाको बार्षिक योजना प्रणालीभित्र समट्दै दोहोरो नपर्ने गरी समन्वयात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१.६. गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुका कर्मचारीहरुको दरबन्दी सिर्जना गर्दा कामको बोझ, आन्तरिक श्रोत तथा दरबन्दी तेरिजलाई समेत मध्यनजर गरी गाउँसभाबाट स्वीकृत गराई व्यवस्थापन गरिनेछ।

१.७. सुरक्षाको दृष्टिकोणलाई मध्यनजर गर्दै कानूनी प्रक्रिया पुऱ्याएर तत्काल नगर प्रहरीको व्यवस्थापन गरिनेछ।

१.८. भौगोलिक, सामाजिक, साँस्कृतिक तथा कृषिसँग सम्बन्धित अध्ययन अवलोकन क्षमता विकासका लागि जनप्रतिनिधि र कर्मचारीलाई अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

१.९. कर्मचारीहरुले कार्यालयको कामकाज प्रभावकारी तथा सुशासन कायम गर्न गाउँपालिका मातहतका सम्पूर्ण कार्यालहरुमा अनिवार्य विद्युतीय हाजिरी प्रणाली (E-AttendanceSystem) को व्यवस्था गरिनेछ ।

१.१०. कर्मचारीहरुले कार्यालय समयमा कार्यालय पोशाक र परिचयपत्र अनिवार्य रुपमा लगाउनु पर्ने र मासिक बैठक बस्ने व्यवस्थाका साथै कर्मचारीहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

१.११. कार्यालयको कार्यचाप र कार्यबोझका बीच कार्यसम्पादन गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न प्रोत्साहन सुविधाको व्यवस्था गरिनेछ ।

१.१२. जानकी गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको दुर्घटना बीमाको लागि आवश्यक रकम बिनियोजन गरिनेछ।

१.१३. जानकी गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षामा आबद्ध गराउनका लागि आवश्यक रकमको व्यवस्था गरिनेछ।

१.१४. आन्तरिक पर्यटन प्रबर्द्धन उद्देश्यले गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी र करार कर्मचारीहरुलाई १० दिनको तलब सहितको भ्रमण काजको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

१.१५. गाउँपालिका अन्तर्गतका शाखा, इकाई तथा वडा कार्यालयहरुले अनिवार्य रुपमा मासिक प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाईनेछ ।

१.१६. स्थायी कर्मचारीले पाईरहेको स्थानीय भत्ताको सन्दर्भमा आ. व. २०७८/७९ देखी स्थायी, अस्थायी र करारका कर्मचारीहरुलाई समेत लागू हुनेगरी साविकको १०% स्थानीय भत्ताबाट बृद्धि गरि २०% कायम गरिनेछ ।

१.१७. गाउँपालिका कार्यालय तथा मातहतको कार्यालयहरुले प्रयोग गर्ने लेटर प्याडमा एकरुपता ल्याउनुका साथै कार्यालयमा पेश हुने निवेदनहरुमा अनिवार्य हुलाक टिकट टाँस्ने व्यवस्था मिलाईनेछ ।

१.१८. गाउँपालिका तथा मातहतका सम्पूर्ण कार्यालयहरुले सम्बन्धित कार्यालयको गुगल प्लस कोड उल्लेखित बोर्डको व्यवस्था मिलाईनेछ।

१.१९. गाउँपालिकाको लक्ष्य, उद्देश्य पुरा गर्न अधिकृतस्तरका कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरिनेछ ।

## २. न्यायिक समितिः

२.१. न्यायिक समितिबाट छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन कार्यलाई विशेष जोड दिईनेछ ।

२.२. विवाद समाधानका लागि थप मेलमिलाप कर्ताहरुको व्यवस्था गरिनेछ ।

२.३. सामुदायिक मेलमिलाप कर्ताहरुलाई मेलमिलाप सम्बन्धी पुर्नताजगी तालिमलाई निरन्तरता दिईनेछ ।

२.४. पालिकाबासीहरुलाई कानून सम्बन्धी जानकारी गराउन कानूनी सचेतना कार्यक्रमहरु अभियानका रुपमा संचालन गरिनेछ ।

२.५. न्यायिक समितिका संयोजक, सदस्यहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२.६. बडघर भलमन्सा तथा समाजसेवी वुद्धिजिवीहरुको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ३. विधायन समिति

३.१. गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, मापदण्ड निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३.२. गाउँपालिकाबाट पारित भएका ऐन, नियम, कार्यविधिहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।

## ४. बजेट तथा राजश्व परिचालन :

४.१. आन्तरिक आय बृद्धि गर्न राजश्व इकाईलाई थप व्यवस्थित गरिनेछ ।

४.२. राजश्व संकलन, परिचालन, न्यायोचित तथा मितव्ययी बनाइनेछ ।

४.३. आन्तरिक आयको प्रक्षेपण गरी थप श्रोत तथा दायराहरूको दर निर्धारण गरिनेछ ।

४.४. राजश्व आउन सक्ने क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।

**(च) प्रधानमन्त्री रोजगार कार्यक्रम:**

१. गाउँपालिकामा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराईनेछ ।

२. पालिकावाट संचालित विभिन्न रोजगार मूलक विकास निर्माणका आयोजनाहरु र सीपमूलक तालिममा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना संचालनका लागि आवश्यक पर्ने निर्माण सामाग्री तथा अन्य सामाग्री खरिद गरिनेछ
४. गाउँपालिका अध्यक्ष उपाध्यक्ष रोजगार/स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।
५. रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापन थप प्रभावकारी बनाउनको लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

**(छ) सूचना तथा प्रविधि**

१. कृषि प्रविधि र बजार मूल्य सम्बन्धी सूचना प्रणाली Agriculture Information System को विकास गरिनेछ ।
२. कर्मचारीको Bio Metric पद्धति द्वारा केन्द्रिकृत हाजिरी प्रणाली लागु गरिनेछ । सेवाग्रहिहरुको Online बाट पनि सुझाव तथा गुनासो लिन गुनासो व्यवस्थापन प्रणाली (E-grievance system)लागु गरिनेछ ।
३. जानकी गाउँपालिका क्षेत्र भित्र E-Library स्थापना गरिनेछ ।
४. पूर्वाधार सम्बन्धी योजनाहरुको तथ्यांक व्यवस्थित गर्न पूर्वाधार व्यवस्थापन प्रणाली (Infrastructure Management System)को व्यवस्था गरिनेछ । गाउँपालिकाको सम्पूर्ण शाखाहरुको तथ्याकं तथा प्रगति व्यवस्थापनका लागि (Integrated Municipal Management System (IMMS) लागु गरिनेछ ।
५. गाउँपालिकाको गाउँ पार्शवचित्र (Rural Municipality Profile)अध्यावधिक गरिनेछ ।

**आदरणीय सभाका अध्यक्षज्यू एवम् गाउँसभा सदस्यज्यूहरु,**

प्रस्तुत निति तथा कार्यक्रमको कार्यान्वयनबाट **“समृद्ध जानकी सुखी जानकी वासी”** को गन्तब्यमा पुगी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्र बिन्दु आम नागरिक हुनेछन । सबैलाई समान अवसर,समान अधिकार उत्तिकै सुरक्षा उत्तिकै सम्मानको प्रत्याभुति गरिनेछ ।

अन्तमा, गाउँपालिकाको विकासमा साझेदारी र सहयोग गर्ने नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार, गाउँपालिका राष्ट्रिय महासंघ, गाउँसभा सदस्यज्यूहरु,विकास साझेदार संस्थाहरु,नागरिक समाज, राजनितिक दलका विज्ञ मित्रहरु,निजि क्षेत्र,गैर सरकारी संस्था,संचारकर्मि लगायत सम्पुर्ण कर्मचारी तथा गाउँवासी आमा बुवा,दाजुभाई तथा दिदि बहिनिहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामि दिनमा पनि यहाँहरुको सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने आशा र अपेक्षा गर्दै मेरो सम्बोधन लाई यहि समापन गर्दछु ।

हार्दिक धन्यवाद।

नमस्कार।।

प्रदिपकुमार चौधरी

**अध्यक्ष**

**२०७८ साल असार ९ गते बुधबार।**